# सिटीजन्स् बैंक इन्टरनेशनल लिमिटेड

## संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन

(नेपाल धितोपत्र वोर्डद्वारा जारी सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम)

| | |
|---|---|
| सूचीकृत सङ्गठित सस्थाको नाम | सिटिजन्स् बैंक ईन्टरनेसनल लिमिटेड |
| ठेगाना इमेल र वेभसाइट सहित | ठेगाना : नारागणहिटि पथ १, काठमाण्डौं<br>Email : info@ctznbank.com<br>Website : www.ctznbank.com |
| फोन न | ९७७ १ ४४२७८४२ |
| प्रतिवेदन पेश गरिएको आ.ब. | आ.व. २०७८/०७९ (श्रावण १, २०७८ देखि आषाढ मसान्त २०७९) |

१.सञ्चालक समिति सम्बन्धी विवरण

(क) संचालक समितिको अध्यक्षको नाम तथा नियुक्ति मिति :

अध्यक्षको नाम : श्री राजन सिंह भण्डारी

नियुक्त भएको मिति : २०७६/०६/१०

(ख) संस्थाको शेयर संरचना सम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य):

| क्र. सं. | विवरण | प्रतिशत |
|---|---|---|
| १ | संस्थापक व्यक्तिगत शेयर | ४६.७५% |
| २ | सर्वसाधारण शेयर | ४८.९२% |
| ३ | संस्थापक (अन्य-संस्थागत) शेयर | ४.३३% |

(ग) संचालक समिति सम्बन्धी विवरण :

| क्र.सं. | संचालकहरुको नाम तथा ठेगाना | प्रतिनिधित्व भएका समुह | शेयर संख्या | नियुक्ति भएको मिति | पद तथा गोपनियताको शपथ लिएको मिति | संचालक नियुक्तिको तरिका (विधि) |
|---|---|---|---|---|---|---|
| १ | श्री राजनसिंह भण्डारी | संस्थापक समुह | सर्वसाधारण: २,१२,१४०.७४ | २०७६/०६/१० | २०७६/०६/१० | संचालक समितिको ३१४ औं बैंठकबाट अध्यक्षपदमा सर्वसम्मतीले चयन गरीएको |
| | चन्द्र इन्भेष्टमेन्ट प्रा.लि.को अधिकार प्राप्तश्री राजन सिंह भण्डारी | | संस्थापक: ४,०४,८९९.३० सर्वसाधारण: ११८,९०२.९६ | | | |
| २ | श्री प्रकाशचन्द्र मैनाली | सर्वसाधारण समुह | सर्वसाधारण: ९८०.८१ | २०७८/०७/१६ | २०७८/०७/१६ | २०७८/०७/१६ गते सम्पन्न १५औं वार्षिक साधारण सभाबाट निर्विरोध निर्वाचित |
| ३ | श्री विजयध्वज कार्की | सर्वसाधारण समुह | सर्वसाधारण: २६२.८८ | २०७८/०७/१६ | २०७८/०७/१६ | २०७८/०७/१६ गते सम्पन्न १५औं वार्षिक साधारण सभाबाट निर्विरोध निर्वाचित |
| ४ | श्रीमती सीता कार्की(के.सी) | सर्वसाधारण समुह | सर्वसाधारण:५,७८८.४० | २०७६/०६/१० | २०७६/०६/१० | २०७६/०६/१० गते सम्पन्न तेह्रौं वार्षिक साधारण सभाबाट निर्विरोध निर्वाचित |
| ५ | श्री प्रवलजंग पाण्डे | संस्थापक समुह | संस्थापक: २,१८७.२५ | २०७६/०६/१० | २०७६/०६/१० | २०७६/०६/१० गते सम्पन्न तेह्रौं वार्षिक साधारण सभाबाट निर्विरोध निर्वाचित |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | श्री सजन शर्मा | संस्थापक समुह | संस्थापक: ६८,१८९.२५ | २०७६/०६/१० | २०७६/०६/१० | २०७६/०६/१० गते सम्पन्न तेह्रौं वार्षिक साधारण सभाबाट निर्विरोध निर्वाचित |
| ७ | श्री सुदेश खालिङ्ग राई | स्वतन्त्र सञ्चालक | | २०७६/०८/०६ | २०७७/१२/०९ | संचालक समितिको ३२०औं बैंठकवाट स्वतन्त्र संचालकपदमा सर्वसम्मतीले चयन गरिएकोमा मिति २०७७/१२/०९ गते देखि लागु हुने गरी राजिनामा स्विकृत भएको । |
| ८ | श्री अनिल कुमार ज्ञवाली | स्वतन्त्र सञ्चालक | | २०७८/०३/०१ | २०७८/०३/०१ | संचालक समितिको ३६२ औं बैंठकवाट स्वतन्त्र संचालकपदमा सर्वसम्मतीले चयन गरिएको । |

त्यसैगरी, आ.व. २०७८/७९ को प्रयोजनार्थ यस बैंकको १६औं बार्षिक साधारण सभा मिति २०७९/०७/०४ गते शुक्रबारका दिन काठमाण्डौंमा सम्पन्न भएको र सोको जानकारी सम्बन्धित निकायमा गराई सकिएको छ ।

(घ) सञ्चालक समितिको बैठक

- सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी विवरण :

| क्र. सं. | यस आ.व. मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित संचालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने संचालकको संख्या | गत आ.व. मा बसेको बैठकको मिति |
|---|---|---|---|---|
| १ | २०७८/०४/०१ | ७ | नभएको | २०७७/०४/१३ |
| २ | २०७८/०४/१४ | ७ | नभएको | २०७७/०४/२१ |
| ३ | २०७८/०४/३१ | ७ | नभएको | २०७७/०४/२८ |
| ४ | २०७८/०५/०१ | ६ | नभएको | २०७७/०५/२४ |
| ५ | २०७८/०५/२४ | ७ | नभएको | २०७७/०६/१२ |
| ६ | २०७८/०५/३१ | ७ | नभएको | २०७७/०६/२८ |
| ७ | २०७८/०६/०८ | ७ | नभएको | २०७७/०७/०३ |
| ८ | २०७८/०६/११ | ७ | नभएको | २०७७/०७/१९ |
| ९ | २०७८/०६/१२ | ७ | नभएको | २०७७/०७/२८ |
| १० | २०७८/०६/१८ | ७ | नभएको | २०७७/०८/२० |
| ११ | २०७८/०६/२२ | ७ | नभएको | २०७७/०९/१० |
| १२ | २०७८/०६/२५ | ६ | नभएको | २०७७/०९/२० |
| १३ | २०७८/०७/१२ | ७ | नभएको | २०७७/०९/२२ |
| १४ | २०७८/०७/१६ | ७ | नभएको | २०७७/१०/०७ |
| १५ | २०७८/०७/२५ | ७ | नभएको | २०७७/१०/१५ |
| १६ | २०७८/०७/२८ | ७ | नभएको | २०७७/११/०२ |
| १७ | २०७८/०७/२९ | ७ | नभएको | २०७७/११/२० |
| १८ | २०७८/०८/०८ | ७ | नभएको | २०७७/११/२८ |
| १९ | २०७८/०८/१६ | ७ | नभएको | २०७७/१२/०४ |
| २० | २०७८/०९/०४ | ७ | नभएको | २०७७/१२/०९ |
| २१ | २०७८/१०/०६ | ७ | नभएको | २०७७/१२/१८ |

| | | | | |
|---|---|---|---|---|
| २२ | २०७८/१०/१७ | ७ | नभएको | २०७७/१२/२९ |
| २३ | २०७८/१०/२० | ७ | नभएको | २०७८/०१/०६ |
| २४ | २०७८/११/२६ | ७ | नभएको | २०७८/०२/०४ |
| २५ | २०७८/१२/१६ | ७ | नभएको | २०७८/०२/०९ |
| २६ | २०७९/०१/०६ | ६ | नभएको | २०७८/०२/११ |
| २७ | २०७९/०१/०७ | ६ | नभएको | २०७८/०२/२५ |
| २८ | २०७९/०१/२९ | ७ | नभएको | २०७८/०३/०१ |
| २९ | २०७९/०२/१९ | ५ | नभएको | २०७८/०३/१५ |
| ३० | २०७९/०३/०८ | ५ | नभएको | २०७८/०३/२७ |
| ३१ | २०७९/०३/२२ | ७ | नभएको | |
| ३२ | २०७९/०३/३१ | ६ | नभएको | |

- कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरण:**नभएको ।**
- सञ्चालक समितिको बैठक सम्बन्धी अन्य विवरण :

| | |
|---|---|
| सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए- नभएको (नभएको अवस्थामा बैठकको मिति सहित कारण खुलाउने): | नभएको । |
| सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राखे नराखेको: | राख्ने गरिएको |
| सञ्चालक समितिको दुई लगातार बसेको बैठकको अधिकतम अन्तर (दिनमा) : | ३४ दिन |
| सञ्चालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मिति: | २०७२/०६/२८ |
| सञ्चालक समितिको प्रति बैठक भत्ता रु. | अध्यक्ष-रु. १३,०००/-<br>सदस्य-रु. ११,०००/- |
| आ.व.को संचालक समितिको कुल वैठक खर्च रु. | रु. २९,१२,३१०/- |

## २. सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरण

| | |
|---|---|
| सञ्चालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचार संहिता भए/नभएको | भएको |
| एकाघर परिवारको एक भन्दा बढी सञ्चालक भए सो सम्बन्धी विवरण : | नभएको |
| सञ्चालकहरुको वार्षिक रुपमा सिकाई तथा पूर्नताजगी कार्यक्रम सम्बन्धी विववरण : | |

| क.स. | विषय | मिति | सहभागी संचालकको संख्या | तालिम संचालन भएको स्थान |
|---|---|---|---|---|
| १ | AML/CFT | श्रावण २८, २०७८ | ७ | Corporate Office, Citizens Bank International Ltd. |
| २ | Directors' Refresher Course | आषाढ १७-१८, २०७९ | २ | NBI |

| | |
|---|---|
| प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको/नगराएको र नगराएको भए सोको विवरण: | |
| ▪ संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सो को विवरण। | जानकारी गराएको |
| ▪ निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण। | जानकारी गराएको |
| ▪ निज अन्य कुनै सङ्गठित संस्थाको आधारभूत शेयरधनी वा सञ्चालक रहेको भए त्यसको विवरण। | जानकारी गराएको |
| ▪ निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहको भए सोको विवरण। | जानकारी गराएको |
| सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरण: | नगरिएको |
| संचालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुनै कारवाही गरिएको भए सोको विवरण: | नगरिएको |

**३.संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी विवरण**

(क) जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारण: **भएको।**

(ख) जोखिम व्यवस्थापन समिति सम्बन्धी जानकारी:

(अ) समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)

संयोजक : श्री प्रबलजंग पाण्डे

सदस्यहरु : श्री प्रकाशचन्द्र मैनाली

श्री अनिल कुमार ज्ञवाली*

श्री प्रमुख संचालन अधिकृत

श्री प्रमुख जोखिम अधिकृत (सदस्य सचिव)

*लेखा परीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य।

(आ) समितिको बैठक संख्या : **५ पटक**

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण :

(क) विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासका लागि सुझाव दिने।

(ख) व्यावसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम बहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरेको रणनीति, नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने।

(ग) व्यवस्थापनबाट नियमित रुपमा जोखिम व्यवस्थापन प्रतिवेदन लिई जोखिमको आंकलन, मूल्याङ्कन, नियन्त्रण तथा अनुगमन के कसरी भइरहेको छ सो सम्बन्धमा छलफल गर्ने र सञ्चालक समितिमा आवश्यक सुझाव पेश गर्ने।

(घ) जोखिम सम्पत्ति अनुसार पुँजीको पर्याप्तता, आन्तरिक पुँजी विश्लेषण पद्धति (ICAAP), व्यावसायिक रणनीति अनुरुप नीतिगत व्यवस्थाको पर्याप्तता, संस्थाले लिन सक्ने अधिकतम जोखिम सम्बन्धमा नियमित रुपमा छलफल तथा विश्लेषण गरी सञ्चालक समितिलाई आवश्यक राय, सुझाव दिने।

(ङ) जोखिम व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट जारी गरिएका निर्देशन/मार्गनिर्देशन, संस्थाले निर्धारण गरेका आन्तरिक सीमा, उपयुक्त प्रचलन अनुरुप आवश्यक नीति एवम् संरचना विकास गर्नका लागि सञ्चालक समितिलाई सुझाव दिने।

CITIZENS BANK INTERNATIONAL LTD. Citizens Corporate Office सिटिजन्स बैंक इन्टरनेशनल लि.



K.C. BUDHATHOKI & ASSOCIATES CHARTERED ACCOUNTANTS

(च) नियमित रुपमा दवाव परीक्षण (Stress Testing) गरी सोको परिणाम माथि छलफल गरी सोका आधारमा भविष्यमा अपनाउनुपर्ने आवश्यक नीति निर्माण वा निर्णय प्रक्रियाका लागि सञ्चालक समितिमा सुझाव पेश गर्ने ।

(छ) सञ्चालक समितिबाट भएको अख्तियार प्रत्यायोजनको सीमा तथा औचित्यता विश्लेषण गरी सञ्चालक समितिमा आवश्यक सुझाव सहितको प्रतिवेदन पेश गर्ने ।

(ज) इजाजतपत्रप्राप्त संस्थाको सम्पत्ति संरचना, ती सम्पत्तिहरु परिचालनको अवस्था, त्यसबाट प्राप्त गर्न सकिने आय, सम्पत्तिहरुको गुणस्तरमा हुने वृद्धि/ह्रास र सम्पत्ति दायित्व समिति (ALCO) बाट भएका कार्यहरुको सम्बन्धमा त्रैमासिक रुपमा विश्लेषण/समिक्षा गरी सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।

(झ) अर्थतन्त्रको कुनै क्षेत्रमा उत्पन्न हुने समस्या वा परिवर्तनले संस्थाको वित्तीय अवस्थामा पार्न सक्ने असरको सम्बन्धमा अध्ययन गरी सोको निराकरणको लागि के कस्तो नीति अवलम्बन गर्नुपर्ने हो आवश्यक सुझाव सहित सञ्चालक समितिमा प्रतिवेदन पेश गर्ने ।

(ग) आन्तरिक नियन्त्रण कार्यविधि भए/नभएको : **भएको**

(घ) आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारण:
बैंकको समग्र आन्तरिक नियन्त्रण प्रणालीको मजबुत अवस्थाको लागि अनुपालन विभाग रहेको र संचालक समिति मातहत रहने गरी सम्पत्ति शुद्धीकरण तथा निवारण समिति, जोखिम व्यवस्थापन समिति तथा आन्तरिक लेखा परिक्षण समिति गठन भएको ।

(ङ) आन्तरिक नियन्त्रण प्रणाली समिति सम्बन्धी विवरण:

(१) (अ) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)
संयोजक : श्री विजय ध्वज कार्की
सदस्यहरु: श्री सीता कार्की (के.सी)
: श्री जोखिम व्यवस्थापन विभाग प्रमुख
: श्री अनुपालन विभाग प्रमुख
: श्री सम्पत्ति शुद्धिकरण निवारण विभाग प्रमुख (सदस्य सचिव)

(आ) समितिको बैठक संख्या : **सात (७)**

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण

(१) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, यस बैंकबाट जारी निर्देशन (इ.प्रा.निर्देशन नं. १९) बमोजिम भए/गरेका काम कारबाहीको समिक्षा गरी प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

(२) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, यस बैंकबाट जारी निर्देशन तथा Financial Action Task Force (FATF) द्वारा जारी भएको सिफारिस (Recommendation) बमोजिम बैंकले तर्जुमा तथा कार्यान्वयन गरेको आन्तरिक नीति कार्यविधि तथा प्रकृयागत पक्षहरुको पर्याप्तता सम्बन्धमा छलफल गरी आवश्यक नीतिगत व्यवस्था र सोको कार्यान्वयन गर्ने ।

(३) सम्पत्ति शुद्धीकरण तथा आतंकबादी कृयाकलापमा वित्तीय लगानी पहिचान र सोको निवारणका लागि अपनाईएका र अपनाउनुपर्ने प्रकृयागत पक्ष तथा सो कार्यमा प्रयोग हुने सूचना प्रविधि प्रणालीको पर्याप्तता सम्बन्धी छलफल गरी आवश्यक सुधारको लागि सञ्चालक समितिलाई सुझाव दिने ।

(४) ग्राहक पहिचान सम्बन्धी व्यवस्थाको विश्लेषण गरी उच्च पदस्थ व्यक्ति तथा अन्तिम हिताधिकारी लगायत जोखिम वर्गीकरण अनुसार ग्राहक पहिचान र ग्राहक स्वीकार नीति (Customer Acceptance Policy) तर्जुमा तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

(५) सम्पत्ति शुद्धीकरण तथा आतंकबादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी ऐन, नियमावली, यस बैंकबाट जारी निर्देशन एवं बैंकको आन्तरिक नीति नियमको परिपालना तथा कार्यान्वयन अवस्थाको बारेमा त्रैमासिक प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।

(६) व्यवस्थापनबाट देहाय बमोजिमको प्रतिवेदन/विवरण लिई छलफल गर्ने र आवश्यकता अनुसार सञ्चालक समितिलाई सुझाव दिने ।

(क) AML/CFT को जोखिम व्यवस्थापन सम्बन्धी प्रतिवेदन ।

(ख) ग्राहक पहिचानको अद्यावधिक स्थिति, ग्राहक पहिचान पद्धति (CDD) को विवरण, PEPs को विवरण र बृहत ग्राहक पहिचान पद्धति (ECDD) को विवरण तथा यसलाई छिटो छरितो र सूचना प्रविधिको प्रयोग मार्फत थप प्रभावकारी बनाउन भबिष्यमा अवलम्बन गर्नुपर्ने नीतिगत, प्रक्रियागत र संस्थागत सुधारका कार्यहरुको विवरण ।

(ग) आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण र यस बैकको निरीक्षण प्रतिवेदनमा उल्लेखित सम्पत्ति शुद्धीकरण तथा आतंकबादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कैफियतहरु उपर समीक्षा तथा सो सम्बन्धमा नीतिगत एवम् प्रकृयागत सुधार गर्नुपर्ने पक्षहरुको विस्तृत विवरण ।

(७) बैंक/वित्तीय संस्थाले सेवा/सुविधा शुरुवात गर्दा, प्रविधि (IT System) खरिद गर्दा, वायर ट्रान्सफर गर्दा, ई-बैंकिङ्ग/मोवाईल बैंकिङ्ग (QR Code समेत), मोवाईल वालेट मार्फत रकम रकमान्तर गर्दा र अन्य अनलाईन/ अफलाईन मार्फत हुने कारोबारमा निहित सम्पत्ति शुद्धीकरण तथा आतंकबादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमको विश्लेषण र सोको व्यवस्थापनको लागि नीतिगत एवं प्रक्रियागत पक्षमा गर्नुपर्ने आवश्यक सुधारहरुको सम्बन्धमा विस्तृत विवरण ।

(८) राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा सम्पत्ति शुद्धीकरण तथा आतंकबादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी भएको विषयहरु/घटनाहरु र त्यसबाट बैंक/वित्तीय संस्थालाई पर्न सक्ने असरहरुको विश्लेषण गरी जोखिम व्यवस्थापन गर्न के कस्तो नीतिगत व्यवस्था गर्नुपर्ने हो सो सम्बन्धमा आवश्यक सुझाव सञ्चालक समिति समक्ष पेश गर्ने ।

(९) कार्यान्वयन अधिकारी, संस्थाको चुक्तापूँजीको दुई प्रतिशत वा सो भन्दा बढी सेयर स्वामित्व भएका शेयरधनी, सञ्चालक समितिका सदस्यहरु, उच्च व्यवस्थापनलाई र AML/CFT को कार्यमा प्रत्यक्ष तथा नियमित रुपमा संलग्न हुने कर्मचारीहरुलाई AML/CFT सम्बन्धी विषयमा उपयुक्त ज्ञान हस्तान्तरण कार्यक्रमको व्यवस्थापन गर्ने ।

(१०) सम्पत्ति शुद्धीकरण तथा आतंकबादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी आन्तरिक नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने ।

(११) AML/CFT प्रणालीले प्रभावकारी रुपमा काम गरे/नगरेको, जोखिमको उचित तवरले व्यवस्थापन गरे/नगरेको, अस्वभाविक गतिविधिको पर्याप्त अनुगमन हुने व्यवस्था गरे/नगरेको र आवश्यक प्रतिवेदनहरु सम्बन्धित निकायमा पेश हुने गरे/नगरेको यकिन गरी सो बिषय संचालक समितिमा समेत छलफल हुने व्यवस्था गर्ने ।

(१२) सम्पत्ति शुद्धीकरण तथा आतंकबादी कृयाकलापमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा वित्तिय जानकारी इकाई र यस बैंकले तोके बमोजिमको माध्यमबाट नियमित रुपमा सम्बन्धित निकायहरुमा पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदनहरु तोकिए बमोजिम पेश गरे/नगरेको सम्बन्धमा समितिले सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, को दफा ४४क मा उल्लेखित प्रावधान प्रतिकुल नहुने गरी छलफल गर्ने ।

(२) (अ) जोखिम व्यवस्थापन समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)

संयोजक : श्री प्रबलजंग पाण्डे

सदस्यहरु : श्री प्रकाशचन्द्र मैनाली

श्री अनिल कुमार ज्ञवाली*

श्री प्रमुख संचालन अधिकृत

श्री प्रमुख जोखिम अधिकृत (सदस्य सचिव)

*लेखा परीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य ।

(आ) समितिको बैठक संख्या : ५ **पटक**

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण : माथि बुँदा नं ३(ख)(इ) मा विस्तृत रुपमा उल्लेख गरिएको ।

(३) (अ) लेखापरीक्षण समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)

संयोजक : श्री अनिल ज्ञवाली

सदस्यहरु: श्रीमती सीता कार्की (के.सी.)

: श्री आन्तरिक लेखापरीक्षण विभाग प्रमुख (सदस्य सचिव)

(आ) समितिको बैठक संख्या : १४ **पटक**

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरण

(क) बैंकमा लेखापरीक्षणको क्रममा देखिएका कैफियत तथा त्यस्ता कैफियतहरुले पार्ने प्रभाव तथा जोखिम न्यूनीकरणका उपायहरु/सुझावहरु सहितको प्रतिवेदन संचालक समितिमा पेश गर्ने ।

(ख) बैंकको समग्र लेखा सम्बन्धी सही तथा बास्तविक प्रतिवेदन बनाउन व्यवस्थापनलाई सहयोग गर्ने ।

(ग) बिभिन्न नियामक निकायहरुबाट जारी भएका नीति, निर्देशनको पालनाको अवस्थाको सुनिश्चितता गर्ने ।

(घ) बैंकको त्रैमासिकवित्तियविवरणको समिक्षागर्ने र प्रतिवेदन लेखापरीक्षण समितीमा पेश गर्ने ।

(ङ) नेपाल राष्ट्र बैंकद्वारा गरिएको स्थलगत निरिक्षण प्रतिवेदनमा उल्लेखित कैफियत निर्देशन तथा सुझाब उपर बैंकको प्रत्युत्तरको सम्बन्धमा छलफल गर्ने ।

(च) आन्तरिक लेखापरिक्षण विभागको वार्षिक प्रतिवेदन उपर छलफल र संचालक समितिलाई प्रतिवेदन हस्तान्तरण गर्ने ।

(छ) IT System and Security Auditor को प्रतिवेदनउपर छलफल र सुझावहरु कार्यन्वयन गर्न निर्देशन दिन संचालक समिति समक्ष पेश गर्ने ।

(ज) Audit Committee Charter 2016, Internal Audit Policy 2016 तथा Internal Audit Manual 2019 को पुनरावलोकन गर्ने ।

(च) आर्थिक प्रशासन विनियमावली भए/नभएको : **भएको**

**४. सुचना तथा जानकारी प्रवाह सम्बन्धी विवरण**

(क) संस्थाले सार्वजनिक गरेको सूचना तथा जानकारी प्रवाहको विवरण:

| विषय | माध्यम | सार्वजनिक गरेको मिति |
|---|---|---|
| बार्षिक साधारण सभाको सूचना | पत्रिका/संस्थाको वेवसाईट | आश्विन १३ र आश्विन २५, २०७९ |
| विशेष साधारण सभाको सूचना | पत्रिका/संस्थाको वेवसाईट | जेष्ठ १२/१४, २०७८ |
| बार्षिक प्रतिवेदन | बार्षिक प्रतिवेदन सहितको पुस्तिका | कार्तिक ०६, २०७९ |
| त्रैमासिक प्रतिवेदन | राष्ट्रिय पत्रिका | २०७८/०७/१५ (प्रथम त्रयमास)<br>२०७८/१०/०७ (दोस्रो त्रयमास) |

| | | |
|---|---|---|
| | | २०७९/०१/०७ (तेस्रो त्रयमास)<br>२०७९/०४/०७ (चौथो त्रयमास) |
| धितोपत्रको मूल्यमा प्रभाव पार्ने मूल्य संवेदनशील सूचना | सूचना (नगद लाभांश)/नेपाल स्टक एक्सचेन्जको रिपोर्टिङ्ग पोर्टल | आश्विन ६, २०७९ |
| अन्य | | |

(ख)सुचना सार्वजनिक नगरेको वा अन्य कारणले धितोपत्र बोर्ड तथा अन्य निकायबाट कारवाहिमा परेको भए सो सम्बन्धी जानकारी :**नभएको**

(ग) पछिल्लो बार्षिक तथा विशेष साधारण सभा सम्पन्न भएको मिति :
बार्षिक साधारण सभाको मिति : **कार्तिक ०४, २०७९**
विशेष साधारण सभाको मिति : **जेष्ठ २७, २०७८**

## ५. संस्थागत संरचना र कर्मचारी सम्बन्धी विवरण

क) कर्मचारीहरुको संरचना, पदपूर्ति, वृति विकाश, तालिम, तलव, भत्ता तथा अन्य सुविधा, हाजिर र विदा, आचारसंहिता लगायतका कुराहरु समेटिएको कर्मचारी सेवा शर्त विनियमावली/व्यवस्था भए नभएको: **भएको**

(ख) सांगठनिक संरचना संलग्न गर्ने : **यसै साथ संलग्न गरिएको ।**

(ग) उच्च व्यवस्थापन तहका कर्मचारीहरुको नाम, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरण :**यस बैंकको वेवसाईट https://www.ctznbank.com/about-us/executive-teams मा प्रकाशित गरिएको ।**

(घ) कर्मचारी सम्बन्धी अन्य विवरण

| | |
|---|---|
| संरचना अनुसार कर्मचारी पदपूर्ती गर्ने गरे/नगरेको : | गरेको |
| नयाँ कर्मचारीहरुको पदपूर्ति गर्दा अपनाएको प्रकृया | लिखित/अन्तर्वाता/Talent Hunt |
| व्यवस्थापन स्तरका कर्मचारीको संख्या: | ४९ |
| कुल कर्मचारीको संख्या: | १७५८ |
| कर्मचारीहरुको सक्सेसन प्लान भए/नभएको : | भएको |
| गत आ.व.मा कर्मचारीहरुलाई दिइएको तालिम संख्या तथा सम्मलित कर्मचारीको संख्या: | तलिम संख्या : २७८<br>सम्मलित कर्मचारीको संख्या: १७९७ |
| गत आ.व.को कर्मचारी तालिम खर्च रु : | रु. १,०१,५६,८०३.८४ |
| कुल खर्चमा कर्मचारी खर्चको प्रतिशत : | १२.६६% |
| कुल कर्मचारी खर्चमा कर्मचारी तालीम खर्चको प्रतिशत | ०.५७% |

## ६. संस्थाको लेखा तथा लेखापरीक्षण सम्बन्धी विवरण

### (क) लेखासम्बन्धी विवरण :

| | |
|---|---|
| संस्थाको पछिल्लो आ.व. को वित्तिय विवरण NFRS अनुसार तयार गरे/नगरेको, नगरेको भए सोको कारण : | गरेको |
| संचालक समितिबाट पछिल्लो वित्तीय विवरण स्वीकृत भएको मिति: | २०७९/०६/०६ |
| त्रैमासिक वित्तीय विवरण प्रकाशन गरेको मिति : | २०७८/०७/१५ (प्रथम त्रयमास)<br>२०७८/१०/०७ (दोस्रो त्रयमास)<br>२०७९/०१/०७ (तेस्रो त्रयमास)<br>२०७९/०४/०७ (चौथो त्रयमास) |
| अन्तिम लेखापरीक्षण सम्पन्न भएको मिति : | २०७९/०६/०६ |
| साधारण सभाबाट वित्तीय विवरण स्वीकृत भएको मिति : | कार्तिक ०४, २०७९ (आ.व २०७८/०७९) |
| संस्थाको आन्तरिक लेखापरीक्षण सम्बन्धी विवरण :<br>(अ) आन्तरिक रुपमा लेखापरीक्षण गर्ने गरिएको वा वाह्य विज्ञ नियुक्त गर्ने गरिएको | (अ) वाह्य विज्ञ नियुक्त गरिएको |

| | |
|---|---|
| (आ) वाह्य विज्ञ नियुक्त गरिएको भए सोको विवरण<br>(इ) आन्तरिक लेखापरीक्षण कति अवधिको गर्ने गरिएको (त्रैमासिक, चौमासिक वा अर्धबार्षिक) | (आ) श्री एम.आर.एसोसिएटस्<br>(इ) बार्षिक साथै आवश्यकता अनुरुप । |

**(ख) लेखापरीक्षण समिति सम्बन्धी विवरण**

<table>
<tr><td>संयोजक तथा सदस्यहरुको नाम, पद तथा योग्यता :</td><td colspan="3">संयोजक : श्री अनिल ज्ञवाली<br>सदस्य : श्रीमती सीता कार्की (के.सी.)<br>सदस्य सचिव : श्री आन्तरिक लेखापरीक्षण विभागप्रमुख</td></tr>
<tr><td rowspan="15">वैठक बसेको मिति तथा उपस्थित सदस्य संख्या :</td><td>क. सं</td><td>वैठक बसेको मिति</td><td>उपस्थित सदस्य संख्या :</td></tr>
<tr><td>१</td><td>२०७८।५।१३</td><td>३</td></tr>
<tr><td>२</td><td>२०७८।५।१५</td><td>३</td></tr>
<tr><td>३</td><td>२०७८।६।७</td><td>३</td></tr>
<tr><td>४</td><td>२०७८।६।२५</td><td>३</td></tr>
<tr><td>५</td><td>२०७८।७।१५</td><td>३</td></tr>
<tr><td>६</td><td>२०७८।७।२२</td><td>२</td></tr>
<tr><td>७</td><td>२०७८।७।२३</td><td>२</td></tr>
<tr><td>८</td><td>२०७८।७।२५</td><td>२</td></tr>
<tr><td>९</td><td>२०७८।७।२८</td><td>२</td></tr>
<tr><td>१०</td><td>२०७८।९।१</td><td>३</td></tr>
<tr><td>११</td><td>२०७८।११।२९</td><td>३</td></tr>
<tr><td>१२</td><td>२०७९।१।१६</td><td>३</td></tr>
<tr><td>१३</td><td>२०७९।२।३०</td><td>३</td></tr>
<tr><td>१४</td><td>२०७९।३।२७</td><td>३</td></tr>
<tr><td>प्रति वैठक भत्ता रु. :</td><td colspan="3">रु. २२,०००।- (प्रति सञ्चालक रु.११,०००।- )</td></tr>
<tr><td rowspan="6">लेखापरीक्षण समितिले आफ्नो काम कारवाहीको प्रतिवेदन संचालक समितिमा पेश गरेको मिति :</td><td colspan="2">संचालक समितिमा पेश गरेको मिति :</td><td>संचालक समितिमा पेश गरेको मिति :</td></tr>
<tr><td colspan="2">२०७८।०६।२२</td><td>२०७९।०२।१९</td></tr>
<tr><td colspan="2">२०७८।०७।२५</td><td></td></tr>
<tr><td colspan="2">२०७८।०७।२९</td><td></td></tr>
<tr><td colspan="2">२०७८।०९।०४</td><td></td></tr>
<tr><td colspan="2">२०७९।०१।०६</td><td></td></tr>
</table>

**७. अन्य विवरण**

| | |
|---|---|
| संस्थाले सञ्चालक तथा निजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति, बैङ्क तथा बित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रूपमा रकम लिए/नलिएको | नलिएको |
| प्रचलित कानून बमोजिम कम्पनीको सञ्चालक, शेयरधनी, कर्मचारी, सल्लाहकार, परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेक सूचिकृत सङ्गठित संस्थाको वित्तीय स्वार्थ भएको कनै व्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहकार वा परामर्शदाताले संस्थाको कुनै सम्पत्ति कुनै किसिमले भोगचलन गरे/नगरेको | नगरेको |
| नियमनकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेको शर्तहरुको पालना भए/नभएको | भएको |
| नियमनकारी निकायले संस्थाको नियमन निरीक्षण वा सुपरिवेक्षण गर्दा संस्थालाई दिइएको निर्देशन पालना भए/नभएको | भएको |

| | |
|---|---|
| संस्था वा संचालक विरुद्ध अदालतमा कुनै मुद्दा चलिरहेको भए सोको विवरण | संस्था विरुद्ध मुद्दाको विवरण यस बैंकको सोह्रौं वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको साथै सञ्चालक विरुद्धको मुद्दा सम्बन्धमा कुनै जानकारी प्राप्त नभएको । |

दस्तखत र छाप
परिपालन अधिकृतको नाम : रत्नेश्वर लाल कर्ण
पद : अनुपालन प्रमुख
मिति : मंसिर ०७, २०७९
प्रतिवेदन संचालक समितिबाट स्वीकृत मिति : २०७९/०८/१५

दस्तखत र छाप :
मिति :
लेखापरीक्षक : श्री के.के. बुढाथोकी एण्ड एसोसिएट्स, चार्टर्ड एकाउण्टेण्ट्स

*नोटः यो प्रतिवेदन सूचीकृत सङ्गठित संस्थाहरूको परिपालना अधिकृतलले तयार गरी सञ्चालक समितिबाट स्वीकृत गराई लेखा परीक्षकबाट प्रमाणित गराई नेपाल धितोपत्र बोर्डमा लेखापरीक्षण प्रतिवेदनसँग पेश गनुपर्ने छ ।*